## १. छाउपडी प्रथा भनेको के हो ?

महिलाहरुलाई महिनावारीको अवधिमा ५ दिनसम्म र सुत्केरी अवस्थामा ११ दिनसम्म घर बाहिर बनाईएको होचो साँघुरो गोठमा छुट्टै राखिने प्रचलनलाई छाउपडी प्रथा भनिन्छ। यो समयमा अन्य मानिसहरुले छुनु नहुने, घरभित्रको कुनै पनि कार्य गर्न नहुने, पोषिलो खानेकुरा जस्तै: दहि, दुध जस्ता खानेकुरा खान नहुने मान्यता छ। समाज अनुसार छाउपडी बार्ने दिन फरक हुन सक्छन्। सामान्यतय विवाहित भन्दा अविवाहितले एक दुई दिन बढि छाउगोठमा बस्नुपर्ने प्रचलन हुन्छ। छाउपडीबाट घरमा आउँदा सामान्यतय गौत (गाईको मुत्र) खुवाएर चोख्याउने चलन छ। यसैलाई नै छाउपडी प्रथा भनिन्छ।

## २. छाउपडी प्रथामा रहेका सामाजिक परम्परावादी गलत मान्यताहरु (मिथ)

- यो अवधिमा दुध र दही खान हुँदैन। खाएमा देवीदेवता रिसाउँछन् र गाईभैंसीले दुध दिँदैन,
- सार्वजनिक कुवाँ, धारा, इनारमा जानु हुँदैन, गएमा पानीको मूल सुक्ने,
- देवीदेवताको मन्दिर आसपासमा जान हुँदैन, घरभित्र पस्नु हुँदैन, पसेमा सर्प, बाघ आउने र भगवानको बास हुँदैन।
- छाउपडी हिंडेको बाटोमा धामीझाँक्रीले हिंड्नु हुँदैन, हिंडेमा धामीझाँक्रीलाई अशुभ हुन्छ।
- मन्दिर नजिक विद्यालय छ भने छात्राहरु महिनावारी भएको बेला ४ दिन समय विद्यालय जानु हुँदैन।
- पहिलो पटक महिनावारी हुँदा घरपरिवार र छिमेकीले नदेख्ने गरी गोठमा आई बस्नुपर्ने र कसैको पनि अनुहार हेर्न नहुने।
- महिनावारी भएको महिलाले बारी बगैंचामा छोयो भने मर्न सक्छ, फलफूल कुहिने छ भन्ने मान्यता रहेको छ।

## ३. छाउपडी प्रथाका कारण महिला तथा बालिकाका जीवनमा पर्ने नकारात्मक असरहरु:

### ३.१ महिलाको स्वास्थमा पर्ने असर

महिनावारीको अवधिमा सफा-सुग्गर रहनु पर्ने, राम्रो पोषिलो खानेकुरा खानुपर्ने र आराम गर्नुपर्ने र आराम गर्नुपर्ने ठाउँमा यसो नभई सानो, साँघुरो, होचो र अध्याँरो गोठमा बस्नु पर्ने बाध्यताका कारण स्वास्थमा नराम्रो असर पर्दछ। यस अवधिमा उनीहरुलाई चिसो ठाउँ र स्वच्छ हावा कमीको कारण ज्वरो आउने, खोकी लाग्ने, निमोनिया हुने, रगत बढी बग्ने, रगतको कमी (एनिमिया) हुने, टाउको दुख्ने, एक्लै बस्नुपर्ने बाध्यताले डर लाग्ने, छटपटि हुने, दिक्क लाग्ने हुन्छ। प्रत्येक महिनाको ४ देखि ७ दिनसम्म यस्तो कष्टमय जीवन बिताउनु पर्दा महिलाहरुको स्वास्थ्य अवस्था कमजोर भई विभिन्नले रोग ग्रसित हुने सम्भावना बढी हुन्छ। प्रत्येक महिलाले महिनामा ४ देखि ७ दिनसम्म गोठमा बस्नुपर्दा वर्षभरि कम्तीमा ४८ दिन र बढीमा ९४ दिनसम्म गोठमा बस्नुपर्ने हुन्छ।

### ३.२ सुरक्षाको दृष्टिकोणले पर्ने असर

छाउपडी गोठमा एक्लै बस्नुपर्ने कारणले गर्दा उनीहरुले लगाएका गरगहना चोरी हुने, गोठमा महिला तथा बालिकाहरु बलात्कृत हुने, सर्पले टोक्ने, जंगली जनावरले आक्रमण गर्ने जस्ता घटना प्रशस्त भेटिन्छन्। धेरै जना महिलाहरु छाउगोठमा संगै बस्नु पर्ने भएका कारणले एक अर्काको सरुवा रोग सर्ने सम्भावना देखिनुका साथै छाउगोठमा बस्दा सर्प, विषालु किराहरुले टोक्ने गोठमा बस्दा जंगलीजनावर बाघ, भालुले आक्रमण गरी महिलाहरुको मृत्यु भएका घटनाहरु प्रशस्त भेटिन्छन्। गोठमा एक्लै बस्दा, बिरामी पर्दा कसैले थाहा नपाई गोठमा मृत अवस्थामा भेटिएका छन्।

### ३.३ शिक्षा तथा सहभागितामा पर्ने असर

छाउपडीलाई धार्मिक र सार्वजनिक स्थानमा जान हुन्न भन्ने मान्यता रहेको छ। त्यसकारण यस अवधिमा महिलाहरुले सभा, गोष्ठी, सामूहिक भेला, स्कूल, कलेज र समारोहमा भाग लिनबाट बञ्चित हुनुपर्ने हुन्छ। महिलाहरुले महिनावारीको समयमा कार्यक्रममा सहभागी हुन नपाउने हुनाले विभिन्न किसिमका सूचना, जानकारी पाउन तथा सहभागी हुनबाट बञ्चित हुन्छन्। यो अनभिज्ञताले समाजमा उनीहरुको नेतृत्व क्षमतामा प्रतिकुल असर पुऱ्याउँछ। बालिकाहरु महिनावारीको समयमा स्कुल तथा कलेज जान नपाएको कारणले उनीहरु पढाईमा समेत कमजोर हुने, जसको फलस्वरुप भविष्यमा समेत प्रतिकुल असर पर्दै आएको छ।

### ३.४ मानसिक तथा मनोवैज्ञानिक असर

छाउगोठमा एक्लै बस्नुपर्दा र गोठमा सुरक्षाको दृष्टिकोणबाट अत्यन्त नाजुक अवस्था भएका कारणले महिला तथा बालिकाहरु डरले रातभरी सुत्न नसक्ने। त्यसैगरी छाउको अवधिमा सार्वजनिक स्थलहरुमा जान नहुने विशेष गरि मान्छेहरु भेट्न नहुने जस्ता सामाजिक बन्देजहरुले उनीहरुलाई आफू समाजको तल्लो दर्जाको मानव भएको महशुस हुन्छ। यसकारण यसले महिलालाई मानसिक तथा मनोवैज्ञानिक रुपमा असर गर्छ। एक्लै गोठमा बस्दा डरको कारणले तथा अपहेलित भएको महशुस गर्नाले महिला तथा बालिकाहरुमा मानसिक रोग, डिप्रेसन, जस्ता समस्याहरु देखिएका छन्।

### ३.५ सामाजिक असर

छाउपडी प्रथा बार्ने ठाउँबाट अन्य ठाउँमा जाने प्रत्येक व्यक्तिलाई (सामाजिक अभियन्ता, विद्यार्थी, राजनीतिकर्मी लगायत जो कोहीलाई) विभिन्न किसिमका कुप्रथासंग सम्बन्धित विभेदपूर्ण प्रश्नहरु सोध्ने, हँसीमजाक उडाउने, लगायतका समस्याहरु भोग्नुपर्ने हुन्छ।

## ४. छाउपडी प्रथाले गर्दा महिलाहरुले भोग्नु परेका समस्याहरु

- विभेदपूर्ण जीवन जिउन बाध्य,
- सुरक्षित, स्वस्थ तथा सम्मानजनक जीवन जिउनबाट वञ्चित,
- पोषिलो तथा समयमै खाना खान नपाउने,
- असुरक्षित र असुविधाजनक गोठका कारण निन्द्रा नपर्ने, रातभर डराएर रात काट्नुपर्ने र अनिन्द्राबाट मानसिक तथा स्वास्थ्यमा नकरात्मक असर पर्ने,
- छाउपडी गोठमा बस्दा बाघ, अन्य जंगली जनावर तथा सर्पको आक्रमण हुने सम्भावना र ज्यान जोखीममा पर्ने,
- महिनावारी भएको बेला चिसो मौसममा सुविधाजनक कपडा प्रयोग गर्न नपाउने भएका कारण महिला तथा बालबालिका बिरामी पर्ने जसमा निमोनिया, पखाला, रगतको कमी, ज्वरो, टाउको दुख्ने, जस्ता स्वाथ्य समस्याहरु देखिन्छन् ।
- महिनावारी भएको बेला बिरामी परेमा अरुले नछुने भएका कारण समयमा उपचार नहुँदा पछि दीर्घ रोगको समस्या देखिने,
- मन्दिर भएको ठाउँमा विद्यालय छ भने छात्राहरु विद्यालयबाट जानबाट बञ्चित हुने,
- घरभन्दा बाहिरको कठिन तथा भारी कामहरु गर्नुपर्ने भएकाले पाठेघर खस्ने, बढि रगत बग्ने सम्भावना,
- घरबाट टाढा रहनुपर्ने हुँदा विभिन्न प्रकारका घटनाहरु जस्तै: बलात्कार तथा यौनजन्य दुर्व्यवहारको सिकार हुनुपर्ने ।

## छाउपडीसंग सम्बन्धित कानुनी व्यवस्थाहरु

महिला रजस्वला वा सुत्केरी अवस्थामा छाउपडीमा राख्न वा यस्तै अन्य कुनै किसिमको भेदभाव छुवाछुत वा अमानविय व्यवहार गर्न गराउन हुँदैन ।

## मुलुकी अपराध संहिता

### सजाय

- यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।
- कुनै राष्ट्रसेवकले यो कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैदको सजाय हुनेछ ।

### क्षतिपूर्ति

- पीडितलाई पुगेको पीडा वा क्षति वापत मनासिक माफिकको क्षतिपूर्ति भराईदिनु पर्ने ।

### हदम्याद


- छाउपडी सम्बन्धी कसूर भए गरेको मितिले ६ महिना भित्र उजूर गर्नुपर्नेछ ।

**छाउपडी प्रथा कानुनी अपराध हो, यसको अन्त्य गरी महिलाको मानवअधिकार र आत्मसम्मानको रक्षा गरौं ।**


**Legal Aid & Consultancy Centre (LACC)**

Manbhawan, Lalitpur (AVM School Compound)
P.O. Box : G.P.O. Box: 3216, Kathmandu, Nepal.
Tel : 977-1-5543111, 5542999
Email : laccnepal@gmail.com | www.laccnepal.org


# छाउपडी र कानुनी व्यवस्था



Legal Aid & Consultancy Centre (LACC)

AMPLIFYCHANGE